## (आ.व २०८१/०८२ को पाचौं कार्यापालिका बैठक)

आज मिति २०८१ मंसिर १७ गतेका दिन यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा ज्यूको अध्यक्षता तथा तपशिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति :</u>

1. अध्यक्ष : श्री पासाङ नुर्पु शेर्पा
2. सदस्य : श्री दिछेन शेर्पा
3. सदस्य : श्री साङवु लामा
4. सदस्य : श्री कुमार श्रेष्ठ
5. सदस्य : श्री निमा सोना शेर्पा
6. सदस्य : श्री टासी शर्पा
7. सदस्य : श्री दावा त्यम्वा तामाङ
8. सदस्य : श्री आङ छिरिङ शेर्पा
9. सदस्य : श्री बच्चु घतानी
10. सदस्य : श्री जमुना थामी
11. सदस्य : श्री पम्फा वि.क.
12. सदस्य : श्री रुपा रिमाल लाम्गाते
13. सदस्य : श्री निमि शेर्पा
14. सदस्य सचिव : श्री दीपक दाहाल (प्र.प्र.अ)

<u>आमन्त्रित/सहयोगी कर्मचारीहरु :</u>

- श्री विनेश कुमार श्रेष्ठ
- श्री राजाराम घोरासैनी
- श्री कृष्ण प्रसाद कंडेल
- श्री मंगेश कुवर
- श्री गंगा सागर पौड्याल
- श्री रिन्जीन शेर्पा

श्री अनिशा अधिकारी

Scanned with CamScanner

**प्रस्तावहरु:**

१. रकमान्तर सम्बन्धमा।

२. खरिद कारबाही रद्द सम्बन्धमा।

३. खर्च मापदण्ड सम्बन्धमा।

४. तातोपानी धारा संरक्षण सम्बन्धमा।

५. पशुपंक्षी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८१ सम्बन्धमा।

६. प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट बाँडफाँड तथा योजना संचालन सम्बन्धमा।

७. उपभोक्ता समिति अभिमुखीकरण कार्यक्रम संचालन सम्वन्धमा।

८. लेखा समिति बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।

९. पार्किङ व्यवस्थापन सम्बन्धमा ।

१०.विपद सम्बन्धमा ।

(क)रंगवुसा वस्ती स्थानान्तरण सम्बन्धमा ।

(ख)खानेपानीको पाइप व्यवस्थापन सम्वन्धमा ।

(ग) अन्य संरचना संरक्षण सम्बन्धमा ।

(घ) खोकुन्डोल खानेपानी मर्मत सम्बन्धमा ।

११. गाउँ प्रहरी थप सेवा सुविधा व्यवस्थापन सम्बन्धमा ।

१२. कृषि मेला प्रदर्शनी तथा हाट वजार संचालन सम्बन्धमा।

१३. भोटेकोशी आधारभुत अस्पतालको व्यवस्थापन सम्बन्धमा ।

१४. भोटेकोशी आधारभूत अस्पतालमा कार्यरत चिकित्सकको पारिश्रमिक सम्बन्धमा ।

१५. सातौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धमा ।

१६. आवासिय विद्यालय सञ्चालन सम्बन्धमा।

१७. पुस्तकालयको लागि बजेट व्यवस्थापन सम्बन्धमा।

१८. चाकु बर्थिङ सेन्टर तथा अन्य स्वास्थ्य संस्थाको निर्माण तथा मर्मत सम्वन्धमा।

१९. स्थानीय भू-उपयोग योजना सम्बन्धमा।

२०. भोटेकोशी झो.पू वडान न ३ र ४ जोड्ने भोटेकोशी गाउँपालिका सिन्धुपाल्चोक निर्माण सम्वन्धमा

२१. मनोनयन सम्बन्धमा

२२. विविध सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं. १

(क) चालु तर्फः प्रस्ताव नं १ माथि छलफल गर्दा यस भोटेकोशी गाउँपालिकाको चौधौ गाउँ अधिवेशनबाट विनियोजन ऐनका देहायका चालु शिर्षकाहरुबाट स्थानीय सरकार सञ्चालन ऐनको दफा ७९ अनुसार देहायको शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

**तपशिल**

| क.स | १४ औ गाउँसभाबाट स्वीकृत भएका कार्यक्रम | विनियोजित बजेट | रकमान्तर बजेट | रकमान्तर भई कायम हुने कार्यक्रमको शिर्षक | बजेट |
|---|---|---|---|---|---|
| १ | साँस्कृतिक कार्यक्रम | १० लाख | २ लाख | राष्ट्रिय स्तरका महिला फुटवल खेलाडी सम्मान तथा पुरस्कार कार्यक्रम | रु. १३ लाख |
| २ | अन्य संस्था सहायता | ९ लाख | २ लाख | | |
| ३ | सार्वजनिक सुनुवाई | ५ लाख | १ लाख २५ हजार | | |
| ४ | अन्य सेवा शुल्क | ५ लाख | १ लाख २५ हजार | | |
| ५ | उपभोक्ता समिति अभिमुखिकरण कार्यक्रम | ५ लाख | १ लाख २५ हजार | | |
| ६ | सेवा सुविधा रकम पदाधिकारी | ४५ लाख | २ लाख | | |
| ७ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १० लाख | १ लाख | | |
| ८ | पानी तथा बिजुली | ८ लाख | १ लाख | | |
| ९ | भ्रमण खर्च कर्मचारी | ८ लाख ७८ हजार | ७५ हजार | | |
| १० | उपभोक्ता समिति अभिमुखकरण खर्च | २ लाख ५० हजार | ५० हजार | | |

(ख) पुंजीगत तर्फः प्रस्ताव नं. १ माथि छलफल गर्दा यस भोटेकोशी गाउँपालिकाको चौधौं गाउँ सभाबाट स्वीकृत विनियोजन ऐनका देहायका पुँजीगत शिर्षकहरुलाई स्थानीय सरकार संचालन ऐनको दफा ७९ बमोजिम देहाय पुँजीगत शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

**तपशिल**

| क.स | १४ औ गाउसभाबाट स्वीकृत भएका | | रकमान्तर भई कायम हुने शिर्षक | | कैफियत |
|---|---|---|---|---|---|
| | शिर्षक | रकम | शिर्षक | रकम | |
| १ | सेलाङकट्टी गुम्वा पार्केटिङ (वडा नं-४,वडा स्तरीय) | ५,००,०००। | सेलाङकट्टी गुम्बा पार्केटिङ तथा टहरो निर्माण | ११,००,०००। | रकमान्तर |



Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २ | हिन्दी नारायणथान सेलाङ्कट्टी सडक स्तरोन्नती | ४,००,००,०००। | हिन्दी नारायणथान सेलाङकट्टी सडक स्तरोन्नती | ३,५४,००,०००। | |
| ३ | जोमखोला नदी नियन्त्रण(वडा नं-३) | ७,००,०००। | जोमखोला नदी नियन्त्रण(वडा नं-३) | ४७,००,०००। | |
| | जम्मा | ४,१२,००,००० | | ४,१२,००,००० | |
| ४ | फुल्पिङ गुम्बा निर्माण(वडा नं-४,वडा स्तरीय) | ४,००,०००। | ठक्कर छ्योलिङ कडिङ गुम्बा | ११,००,०००। | योजना मर्ज गरिएको |
| | फुल्पिङ गुम्बा(वडा नं-४,पालिका स्तरीय) | ७,००,०००। | | | |
| ५ | थाङसिङ छोलिङ गुम्बा रंगरोगन र ग्रिल(वडा नं-४,वडा स्तरीय) | ५,००,०००। | थाङसिङ छोलिङ गुम्बा घेराबार, वाल निर्माण तथा स्तरोन्नती | १७,००,०००। | |
| | थाङसिङ छोलिङ गुम्बा घेराबार, वाल निर्माण तथा स्तरउन्नति (वडा नं-४,पालिका स्तरीय) | १२,००,०००। | | | |
| ६ | १० किलो नयाँ बस्ति सामुदायिक भवन निर्माण | ५,००,०००। | १० किलो नयाँ बस्ति सामुदायिक भवन निर्माण | १०,००,०००। | |
| | १० किलो नयाँ वस्ती संरक्षण | ५,००,०००। | | | |

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा भोटेकोशी गाउँपालिकाको आ.व. ०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार हिन्दी नारायणथान सेलाङकट्टी सडक मर्मत तथा स्तरोन्नती कार्यको लागि यस गाँउपालिकाबाट मिति २०८०/०८/२० गते बोलपत्र आव्हानको लागि सूचना प्रकाशन गरिएकोमा उच्च अदालत पाटनको मिति २०८०/०९/२६ गतेको अन्तरिम आदेश जारी भए बमोजिम बोलपत्र खोल्ने कार्य लगायतका अन्य कार्य समेत यथास्थितिमा राखिएकोमा उच्च अदालत पाटनको मुद्दा नं. ०८०-wo-१०८४, निर्णय नं. १९७ को १३ मा मुआब्जा दिलाउने कार्य सम्पन्न नहुँदा सम्म उक्त सडक स्तरोन्नति र मर्मत गर्ने कार्य नगर्नु नगराउनु भनि भोटेकोशी गाँउपालिकाको नाममा निषेधाज्ञाको आदेश जारी भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा १ (ग) बमोजिम उक्त निर्माण कार्य तत्कालको लागि आवश्यक नरहेको हुँदा उक्त सडक मर्मत तथा स्तरोन्नती कार्यको खरिद कारवाही रद्द गर्ने निर्णय गरियो।



Scanned with CamScanner

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा भोटेकोशी गाउँपालिकाद्धारा संचालन हुने विभिन्न प्रकारका तालिम, गोष्ठी, सेमिनार तथा कार्यशाला लगाएतको कार्यक्रम संचालनको खर्चलाई विधिसम्मत रुपमा व्यवस्थित र समयसापेक्ष बनाउन कार्यक्रम सञ्चालन सम्वन्धि खर्चको मापदण्ड २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

क) प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस भोटेकोशी गाउँपालिका वडा नं २ मा रहेको ऐतिहासिक तातोपानी धारा तथा तहाँ रहेका अन्य संरचना समेत मिति २०८१/०६/१२ गतेको भोटेकोशी नदीमा आएको बाढीका कारणले गर्दा उच्च जोखिममा रहेको हुँदा उक्त धारा तथा संरचना संरक्षण तथा जोखिम न्यूनिकरण गर्नका लागि प्राविधिक लागत अनुमान बमोजिम रु. १,८७,००,०००।—(अक्षरुपी एक करोड सतासी लाख रुपैंया मात्र) रकम स्थानिय विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने गरी बोलपत्रका माध्यमबाट खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो।

ख) मिति २०८१/०६/१२ गतेको अविरल वर्षाको कारण भोटेकोशी नदीमा आएको बाढीको कारणले भोटेकोशी गाउँपालिकाको तपसिल बमोजिमको बस्ति तथा संरचनाहरुमा क्षति पुर्याएको हुँदा थप क्षति हुन नदिन तथा जोखिम न्यूनीकरण गर्न नेपाल सरकार गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई गाउँपालिकाले तपसिलको लागत साझेदारी गर्ने गरि बजेट मागको लागि सिफारिस गर्ने निर्णय गरियो।

तपसिल

| क्रस | योजनाको नाम | जम्मा लागत | पालिकाले साझेदारी गर्ने रकम (४०%) | माग गर्ने रकम (६०% |
|---|---|---|---|---|
| १. | तातोपानी धारा संरक्षण भोटेकोशी गाउँपालिका वडा नं २ | १,८७,००,००० | ७४,८०,००० | १,१२,२०,००० |
| २ | दश किलो बस्ति तथा बोक्चेन बेली बृज संरक्षण वडा नं ३ | २,००,००,००० | ८०,००,००० | १,२०,००,००० |



Scanned with CamScanner

**निर्णय नं ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा भोटेकोशी गाउँपालिका पशु सेवा शाखाबाट सञ्चालन हुने अनुदान कार्यक्रम सञ्चालनका लागि आर्थिक विकास समितिले भोटेकोशी गाउँपालिकाको आ.व. २०८१/०८२ को पशुपंक्षी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं ६ माथि छलफल गर्दा आ.व २०८१/०८२ मा प्रधामन्त्री रोजगार कार्यक्रम तर्फ विनियोजन भएका बजेट तपशिल बमोजिम विनियोजन गरी वडा समितिको निर्णय बमोजिम योजना छनौट गरी रोजगारमुलक आयोजना संचालन गर्ने निर्णय गरियो ।

| सि.न | बजेट शिर्षक | श्रोत | रकम | जम्मा |
|---|---|---|---|---|
| १) | रोजगारी सिर्जना | संघीय सशर्त (नेपाल सरकार) | २०,७४,०००। | ४७,९४,०००। |
| २) | रोजगारी सिर्जना | संघीय सशर्त (आई.डि.ए) | २७,२०,०००। | |
| ३) | निर्माण सामाग्री खरिद, ढुवानी तथा नपुग ज्याला भुक्तानी | गाउँपालिका | २०,००,०००। | २०,००,०००। |
| ४) | कार्यस्थल सुरक्षा सामाग्री खरिद | संघीय सशर्त (आई.डि.ए) | २,००,०००। | २,००,०००। |
| जम्मा | | | | ६९,९४,०००। |

बजेट शिर्षकहरु

बाँडफाड रकम तथा आधारहरु

| सि.न | बजेट शिर्षक | बाडफाडको आधारहरु | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १) | रोजगारी सिर्जना | सुचीकृत बेरोजगारको संख्या, निर्देशन समितिको निर्णयानुसार | १०७४००० | ७१६००० | १०००००० | १००१६०० | १००२४०० | ४७९४००० |
| ३) | निर्माण सामाग्री खरिद, ढुवानी तथा नपुग ज्याला भुक्तानी | योजनाको लागत अनुमान अनुसार | ४४७००० | २९९००० | ४१८००० | ४१८००० | ४१८००० | २०००००० |
| ४) | कार्यस्थल सुरक्षा सामाग्री खरिद | कामदारको संख्यानुसार | कामदारको संख्या अनुसार प्रदान गरिने | | | | | |



Scanned with CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५) | लाभग्राही तथा बेरोजगार व्यक्तिहरु छनौटको संख्या | सुचीकृत बेरोजगारको संख्या, निर्देशन समितिको निर्णयानुसार | १५ | १० | १४ | १४ | १४ | ६७ |
| ६) | श्रोत | | ने.स | आई.डि.ए | आई.डि.ए | ने.स | आई.डि.ए | |
| | | | | | | | | |

अन्य: आयोजना संचालन पूर्व अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व २०८१/०८२ मा उपभोक्ता समिति मार्फत संचालन गर्ने आयोजनाहरुको योजना कार्यान्वयका लागि उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार तथा योजना कार्यान्वयनका शर्तहरुको वारेमा जानकारी गराउन तथा प्रभावकारी रुपमा योजना कार्यान्वयन गर्न उपभोक्ता समिति अभिमुखीकरण कार्यक्रम रहेको हुनाले सो कार्यक्रम संचालन गर्न मिति २०८१/०८/२४ गते भित्र बाँकी उपभोक्ता समितिहरु गठन गरि मिति २०८१/०८/२५ देखि २०८१/०८/३० सम्ममा उपभोक्ता समितिका पधाधिकारीहरु (अध्यक्ष, कोषाध्यक्ष र सचिव) लाई प्रशिक्षण दिने वडा समितिको कार्यालय र कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा मिति २०८१/०८/१७ गते बिहान ०८:०० बजे बसेको लेखा समिति बैठकको निर्णय अनुमोदन गर्ने र बेरुजु लगत कट्टा गर्न महालेखा परीक्षकको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

क) म.ले.प कार्यालयको मिति २०८१/०७/०१ को पत्रानुसार महालेखा परीक्षकको कार्यालयबाट प्राप्त आ.व २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनको बेरुजु दफा नं ४२.३, दफा नं ४८, दफा नं ८७, दफा नं ९०, दफा नं ९२.१, दफा नं ९३.२ को अनियमित बेरुजुका सम्बन्धमा देहाय बमोजिम निर्णय गरियो ।

ख) म.ले.प कार्यालयको मिति २०८१/०७/०१ को पत्रानुसार महालेखा परीक्षकको कार्यालयबाट प्राप्त आ.व २०८०/०८१ को लेखा परीक्षण प्रारम्भिक प्रतिवेदनको बेरुजु दफा नं ४२.३ मा बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ (१) बमोजिम स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई करारमा वा ज्यालादारीमा नियुक्त गर्न नपाइने व्यवस्था छ । पालिका अन्तर्गतका ४ वटा स्वास्थ्य संस्थामा कुल २२ दरबन्दी रहेकोमा ३२ जना



Scanned with CamScanner

कार्यरत रहेको पाइयो । स्वीकृत दरबन्दी भन्दा बढी संख्या हुने गरी सेवा करारमा नियुक्त गरेको पाइयो । विभिन्न पदमा १० जना दरबन्दी भन्दा बढी करारमा नियुक्त गरी पालिका कार्यालयले यो वर्ष रु. ४४,२७,७७८।—भुक्तानी गरेको पाइयो । यसरी ऐनको व्यवस्थाको प्रतिकूल दरबन्दी भन्दा बढी कर्मचारी सेवा करारमा राखी खर्च लेखेको नियमसम्मत नदेखिएको रु. ४४,२७,७७८/- भएतापनि यस गाउँपालिकामा १ वटा १५ सैयाको आधारभूत अस्पताल, ४ वोटा स्वास्थ्य चौकी, र ८ वोटा सामुदायिक स्वास्थ्य इकाई र स्वास्थ्य शाखा समेत गरि कुल १४ वटा संस्था संचालनमा रहेका छन. जसमध्य नेपाल सरकारले स्वास्थ्य चौकी र स्वास्थ्य शाखाको मात्र दरवन्दी तय गरिएको छ, अन्य आधारभूत अस्पताल र सामुदायिक स्वास्थ्य इकाई गरि जम्मा ९ वोटा संस्थाको दरवन्दी नतोकिएकाले, यस भोटेकोशी गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ प्रशासकीय संगठन र कर्मचारी दरवन्दी सम्बन्धि व्यवस्था रहेकाले सोहि दफा अनुसार २०८० पौष २९ को गाउँसभाबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन(O&M) स्वीकृत भएकले सोको आधारमा नियमानुसार करार प्रक्रिया पुरा गरी कर्मचारी नियुक्ति गरिएकोले भुक्तानि गरेको तलबमा कुनै हिनामिना तथा अनियमितता भएको छैन । तसर्थ उक्त बेरुजु रकम रु ४४,२७,७७८ नियमित गरि गाउँकार्यपालिकाको बैठकमा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

ग) म.ले.प कार्यालयको मिति २०८१/०७/०१ को पत्रानुसार महालेखा परीक्षकको कार्यालयबाट प्राप्त आ.व २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनको बेरुजु दफा नं ४८ अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३८ (८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । त्यसैगरी स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३(क) मा स्थानीय तहका पदाधिकारीले अनुसूची-१ क मा उल्लेख भए बमोजिमको सुविधा पाउने उल्लेख छ । यो वर्ष कार्यपालिकाको निर्णयले देहायका व्यक्तिलाई अध्यक्षको स्वाकिय सचिव नियुक्त गरी रू २,४८,४००/- भुक्तानी गरेको छ । पालिकाको स्वीकृत दरबन्दीमा नरहेको तथा पदाधिकारीको सुविधा सम्बन्धी ऐनले समेत व्यवस्था नगरेको स्वकिय सचिव पदमा नियुक्त गरी पारिश्रमिक सुविधा भुक्तानी गर्न मिल्ने नदेखिएको रू रू २,४८,४००/-

| नाम | पद | नियुक्ति मिति | मासिक सुबिधा | जम्मा भुक्तानि |
|---|---|---|---|---|
| विकल लामा | स्वकीय सचिव | २०७९/५/२४ | २०७०० | २४८४०० |

भएतापनि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन(O&M) तयार गरी सोहि अनुसार २०८० पौष २९ को गाउँ सभाबाट दरवन्दी स्वीकृत भएकोले अध्यक्षको लागि १ (एक) जना स्वकीय सचिव राख्न सकिने व्यवस्था देखिएको र पदाधिकारीलाई समन्वय तथा सहजीकरणको लागि अति आवश्यक देखिएकोले नियमित हाजिर गराई कामकाज गराई तलब भत्ता भुक्तानी भएकोले कुनै अनियमितता र हानि नोक्सानी नभएको व्यहोरा अनुरोध गरि उक्त बेरुजु रकम रु २,४८,४००/- म.ले.प लाई बेरुजु लगत कट्टा गर्न कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

घ) म.ले.प कार्यालयको मिति २०८१/०७/०१ को पत्रानुसार महालेखा परीक्षकको कार्यालयबाट प्राप्त आ.व २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनको बेरुजु दफा नं ८७ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी सिर्जना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत् गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । पालिका कार्यालयले प्रतिस्पर्धात्मक खरिद विधिबाट निर्माण गर्नुपर्ने र आफ्नै स्वामित्वमा राख्नुपर्ने देहायका भवन निर्माणको कार्य उपभोक्ता समिति मार्फत् गराई भुक्तानी गरेको पाइयो । उपभोक्ता समिति मार्फत कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नै नमिल्ने र बोलपत्र आह्वान गरी गर्नुपर्ने कार्यहरु समेत उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी उपभोक्ता समिति मार्फत् गराएको कार्यालय भवन निर्माण कार्य नियमसम्मत् नदेखिएको रु. १०२,३३,१९५।—

| भौ.नं/मिति | कामको विवरण | भुक्तानी रु. |
|---|---|---|
| ६४-०८१/३/२४(संघीय सशर्त)<br>५२४-०८१/३/२३(गा.पा. पुँजीगत) | ५ शैया आधारभूत अस्पताल भवन निर्माण | ६६७९४२०।- |
| २४-०८१/१/१८(संघीय सशर्त)<br>२९-०८१/२/२९(संघीय सशर्त)<br>४४-०८१/३/२०(संघीय सशर्त) | लिस्तीकोट स्वास्थ्य चौकी भवन निर्माण | ३५५३७७५।- |

| | |
|---|---|
| जम्मा | १०२,३३,१९५/- |

देखिएको छ यस कार्यालयले सार्वजनिक खरिद नियमावली २०६४ नियम ९७ अनुसार ५ शैया आधारभूत अस्पताल भवन निर्माण र लिस्तीकोट स्वास्थ्य चौकी भवन निर्माणको कार्य गरेको थियो तर उक्त कार्य नियम सम्मत नदेखिएको भनि म.ले.प ले अनियमित बेरुजु औंलाएकोले नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी आगामी दिनमा यस्तो कार्य नगर्न भोटेकोशी गाउँपालिकाको योजना सञ्चालन सम्बन्धी कार्यविधि,२०८१ कार्यपालिकाबाट मिति २०८१/०७/२८ गते स्वीकृत भएकोले सोही अनुसार योजनाका कार्य गर्ने गराउने प्रतिबद्दता गरी उक्त बेरुजु रकम रु. १०२,३३,१९५/-म.ले.प लाई बेरुजु लगत कट्टा गर्न कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

ङ) म.ले.प कार्यालयको मिति २०८१/०७/०१ को पत्रानुसार महालेखा परीक्षकको कार्यालयबाट प्राप्त आ.व २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनको बेरुजु दफा नं ८७ मा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट, कार्यक्रम र उपलब्ध स्रोतको आधारमा खर्चको आदेश दिनुपर्ने र नियमावली, २०७७ को नियम ३९ (१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ। स्वीकृत कार्यक्रम तथा बजेट अनुसार सामुदायिक भवन, तार्तुङको वाल निर्माणको लागि रु. ५ लाख बजेट विनियोजन भएको देखिन्छ । तर कार्यालयले उक्त बजेटबाट ज़ग खन्ने/खार्ने कार्य मात्र गराई उपभोक्ता समितिलाई रु. ४८५,०००।- (कण्टिन्जेन्सी बाहेक पुरै रकम) भुक्तानी गरेको पाइयो । यसरी तोकिएअनुसारको कार्य भएको नदेखिएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु.४,८५००० भनिएतापनी यस कार्यालयले तार्तुङ सामुदायीक भवन निर्माण गर्न बजेट बिनियोजन गरेको तर यस भोटेकोशी गाँउपालीकाको भौगोलिक बनावट अनुसार उक्त भवन बनाउन उपयुक्त स्थान नभएकोले तोकिएको भवन निर्माण स्थलमा अत्यान्त कडा चटयान भएकोले भवन बनाउनु भन्दा अगाडि घडेरी निर्माण गर्न आवश्यक देखिएको हुँदा र वडा कार्यालयले समेत घडेरी निर्माण गरी भवन निर्माण गर्न सिफारीस गरेकोले सोही अनुसार लागत अनुमान तयार गरी उपभोक्ता समिति सँग सम्झौता गरी निर्माण कार्य सम्पन्न भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५३ र ५४ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ को उपनियम २(१), ३(१) अनुसार सारभुत रुपमा फरक नपर्ने गरि काम गरिएको छ । तससकारण उक्त बेरुजु रकम रु.४,८५,००० म.ले.प लाई बेरुजु लगत कट्टा गर्न कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

च) प्रस्ताव २ माथि छलफल गर्दा म.ले.प कार्यालयको मिति २०८१/०७/०१ को पत्रानुसार महालेखा परीक्षकको कार्यालयबाट प्राप्त आ.व २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनको बेरुजु दफा नं ९२.१ मा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम स्वीकृत लागत अनुमान तथा डिजाइन अनुसार निर्माण कार्य गर्नुपर्दछ । यस सडक स्तरोन्नति कार्यको स्वीकृत डिजाइन तथा लागत अनुमान अनुसार ३.५ मीटर चौडाइ र ९५० मी. लम्बाइमा सडक ढलान गर्ने र ढलान (कंक्रिट) को परिमाण ६८१.८० घ.मी. रहेको देखिन्छ । तर नापी किताब अनुसार ५४६ मी. लम्बाइमा मात्र ढलान कार्य भएको देखियो । साथै निर्माण व्यवसायीसँग भएको सम्झौताको बी. ओ. क्यू. अनुसार उक्त सडकमा २ वटा कज वे निर्माण गर्ने उल्लेख भएकोमा एउटा मात्र निर्माण गरी ठेक्का फरफारक गरेको पाइयो । तोकिएको लम्बाइभन्दा ४०४ मी. अर्थात् ४२.५३ प्रतिशत न्यून लम्बाइमा सडक ढलान भएको, स्वीकृत डिजाइनमा उल्लेख भएभन्दा सडकको चौडाइ बढाएको (५.५ देखि ७ मी. सम्म) तथा २ वटा कज वे मध्ये एउटा मात्र निर्माण गरे/गराएकोमा प्राविधिक पुष्टयाइँसहितको भेरिएशन आदेश जारी गरेको समेत देखिएन । सडकको चौडाइ बढाएका कारण घटी लम्बाइमा कार्य भए तापनि कंक्रिटको परिमाण भने बी. ओ. क्यू. परिमाणकै हाराहारीमा गणना भएको पाइयो । स्वीकृत डिजाइन तथा लागत अनुमान अनुसार ४०४ मी. लम्बाइमा कार्य हुँदा कंक्रिटको परिमाण ३९१.९६ घ.मी. हुनेमा नापी किताब तथा बिलमा ६६२.१७ घ.मी. समावेश गरेको पाइयो । यस आधारमा प्राविधिक पुष्ट्याइँ बेगर २७०.३१ घ.मी. बढी परिमाणको प्रति घ.मी. रु. १२०००।- का दरले रु.३२,४३,७२०।- भुक्तानी गरेको तथा बी. ओ. क्यू. अनुसारका संरचनाहरु समेत पूर्ण रुपले निर्माण गरेको नदेखिएको तथा प्राविधिक पुष्ट्याइँ तथा स्वीकृति बेगर फरक किसिमको निर्माण कार्य काम भएको लम्बाइको आधारमा थप परिमाणको कंक्रिटको भुक्तानी नियमसम्मत नभएको रु ३२,४३,७२० भनिएता पनि यस कार्यलय र निर्माण व्यवसायि श्री शान्तीदेवि एण्ड कन्स्ट्रक्सन प्रा.लि बिच सम्झौता भई सडक स्तर उन्नति गर्ने कार्य भएको र उक्त कार्यको लागत अनुमान तयार गर्दा बाटोको चौडाइ ३.५मि कायम गरिएको र सडकको भौगोलिक बनावट अनुसार बिभिन्न मोड तथा घुम्तिहरुमा सडकको नर्म्स अनुसार ६ देखि १२ मि. सम्म ढलान गरि पक्की सडक निर्माण गर्न आवश्यक देखिएकोले र उक्त सडकका आम लाभग्राहि तथा उपभोक्ता बाट समेत सोहि अनुसार कायम गरि बाटो निर्माण गर्नु पर्ने भनि वडा कार्यलयमा निवेदन दिएको र वडाले समेत सोहि अनुसार काम गर्नलाई सिफारिस गरेको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५३ र ५४ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ को उपनियम २(१), ३(१) अनुसार सारभुत रुपमा फरक नपर्ने

गरि काम गरिएको छ । तससकारण उक्त बेरुजु रकम रु.३२,४३,७२० म.ले.प लाई बेरुजु लगत कट्टा गर्न कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

) म.ले.प कार्यालयको मिति २०८१/०७/०१ को पत्रानुसार महालेखा परीक्षकको कार्यालयबाट प्राप्त आ.व २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनको बेरुजु दफा नं ९३.२ मा सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम स्वीकृत लागत अनुमान तथा डिजाइन अनुसार निर्माण कार्य गर्नुपर्दछ । यस सडक स्तरोन्नति कार्यको स्वीकृत डिजाइन तथा लागत अनुमान अनुसार ४००० मी. लम्बाइमा प्लम कंक्रिट वाल सहितको ड्रेन निर्माण गर्ने र ड्रेनको लागि प्लम कंक्रिटको परिमाण ४७२.७२ घ.मी. हुने उल्लेख छ । तर कार्यालयले १०४१ मी. लम्बाइमा मात्र प्लम कंक्रिट ड्रेन २ निर्माण गरी/गराई ४१९.९५ घ.मी. को भुक्तानी गरेको पाइयो । यसरी ड्रेनको कार्य २६ प्रतिशत लम्बाइमा मात्र हुँदा प्लम कंक्रिटको कार्य परिमाण भने करिब ८९ प्रतिशत समाप्त भइसकेको छ । यस सम्बन्धमा सम्बन्धित साइट प्राविधिकसँग छलफल गर्दा शुरुको डिजाइन तथा लागत अनुमानमा उल्लेख भएभन्दा प्लम वालको साइज तथा उचाइ बढ्न गएको भन्ने जवाफ प्राप्त भए तापनि सो अनुसारको प्राविधिक पुष्टयाइँ तथा अख्तियार प्राप्त अधिकारीको पूर्व स्वीकृति लिएको देखिएन । स्वीकृत डिजाइन तथा लागत अनुमान अनुसार १०४१ मी. लम्बाइमा कार्य हुँदा प्लम कंक्रिटको परिमाण १२२.९७ घ.मी. मात्र हुने देखिन्छ । तर नापी किताब तथा बिलमा ४१९.९५ घ.मी. समावेश गरेकोले २९६.९८ घ.मी. बढी परिमाणको प्रति घ.मी. रु. ५०००।- का दरले रु. १४,८४,९००।- भुक्तानी गरेको देखिएकोले उक्त भुक्तानी नियमसम्मत नदेखिएको रु.१४,८४,९०० भनिएता पनि यस कार्यलय र निर्माण व्यवसायि श्री बी एस-आरोन-आर्ची जे.भि. विच सम्झौता भई सडक स्तर उन्नति गर्ने कार्य भईरहेको र उक्त सडकको लागत अनुमान तयार गर्दा भुगोलको भू-बनोट यथार्थमा माटोको प्रकृति थाहा हुन नसकेकोले र सडकको स्टक्चरको जग खन्ने क्रममा लुज soil देखापर्न गई जगको गहिराई वढाउन आवश्यक देखिएको हुँदा जगको गहिराई स्टक्चरको उचाई समेत बढ्ने हुँदा डिजाईन अनुसार चौडाई समेत बढाउन आवश्यक देखियो जसको कारण प्लम वालको लम्बाई घटेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५३ र ५४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ को उपनियम २(१), ३(१) अनुसार सारभुत रुपमा फरक नपर्ने गरि काम गरिएको छ । तससकारण उक्त बेरुजु रकम रु.१४,८४,९०० म.ले.प लाई बेरुजु लगत कट्टा गर्न कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा अरनिको राजमार्ग लार्चा देखि लिपिङ मितेरी पुल सम्म अव्यवस्थित रुपमा पार्किङ गरि यातायात आवतजावतमा समस्या भएको हुँदा उक्त पार्किङ व्यवस्थापनको लागि भोटेकोशी गाउँपालिका वडा नं २ स्थित १० किलोमा स्थान व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

क) प्रस्ताव नं. १० माथि छलफल गर्दा भोटेकोशी गाउँपालिका वडा नं. २ राङबुसामा रहेका तपसिलमा उल्लेखित घरधुरीहरु पहिरोको उच्च जोखिममा रहेको हुँदा उक्त घरपरिवारहरुको सुरक्षित स्थानमा तत्काल अस्थायी आवास निर्माण गर्नका लागि नेपाल सरकारद्वारा जारी "विपदबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१" बमोजिम अस्थायी आवास निर्माणको लाभग्राही कायम गर्ने निर्णय गरियो । साथै उक्त लाभग्राहीहरुको अस्थायी आवास निर्माणको रकम उपलब्ध गरिदिनका लागि जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकलाई पत्राचार गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र.स. | लाभग्राहीको नाम थर | कैफियत |
|---|---|---|
| १. | भिम बहादुर थामी | |
| २. | मंगल मान थामी | |
| ३. | आइत मान थामी | |
| ४. | बुद्धविर थामी | |
| ५. | जंगे थामी | |
| ६. | धुनी थामी | |
| ७. | सोम जित थामी | |
| ८. | ङवाङ छोटा थामी | |
| ९. | सोम बहादुर थामी | |
| १०. | बुद्धमान थामी | |
| ११. | आइतमान थामी | |
| १२. | टशी थामी | |
| १३. | समिर थामी | |
| १४. | सोम बहादुर थामी | |
| १५. | भिम बहादुर थामी | |



Scanned with CamScanner

| | | |
|---|---|---|
| १६. | मंगल बहादुर थामी | |
| १७. | बिल बहादुर थामी | |
| १८. | बाटुली थामी | |
| १९. | मिन बहादुर थामी | |
| २०. | सोनाम थामी | |
| २१. | सन्जे थामी | |
| २२. | रहर मान थामी | |
| २३. | सन्जा थामी | |

साथै उक्त स्थानको भौगर्भिक अध्ययन गरि बस्ति स्थानान्तरणको प्रक्रिया अघि बढाईदिनका लागि जिल्ला विपद् व्यवस्थापन समिति, सिन्धुपाल्चोक मार्फत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरवारलाई अनुरोध गर्ने निर्णय गरियो ।

ख) प्रस्ताव नं. १० माथि छलफल गर्दा भोटेकोशी गाउँपालिकामा मिति २०८१/०६/१२ गतेको वर्षाले क्षति पुर्याएको खानेपानी व्यवस्थापन तथा मर्मतको लागि आवश्यक खानेपानी पाईप रु ५,००,००० (अक्षरुपी पाँच लाख रुपैया मात्र) बराबरको विपद् व्यवस्थापन कोषबाट खरिद गर्ने गरि कार्य प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

ग) तपसिल बमोजिमको संरचना संरक्षण तथा मर्मतको लागि विपद व्यवस्थापन कोष बाट विनियोजन गर्ने निर्णय गरीयो ।

तपसिल

| क्रस | योजनाको नाम | विनियोजन रकम | कैफियत |
|---|---|---|---|
| १. | झ्याले भिरमा भोटेकोशी नदि माथि हिम पाइप राख्ने तथा सडक मर्मत | रु ४ लाख | वडा नं १ |
| २. | सोताङ गुम्बा संरक्षण | रु ४ लाख | वडा नं १ |
| ३. | घट्टेखोला-छ्याङसिङ गोरेटो बाटो मर्मत | रु ७ लाख | वडा नं १ |
| ४. | काङलाङ सामुदायिक स्वास्थ्य इकाई तथा सेतीदेवी आ.वि संरक्षण | रु ५ लाख | वडा नं १ |
| ५. | कोप्लाङ गोरेटो बाटो संरक्षण | रु५ लाख | वडा नं २ |
| ६. | काङलाङ घुम्ती सडक पहिरो नियन्त्रण | रु ५ लाख | वडा नं १ |



Scanned with CamScanner

घ) प्रस्ताव नं. १० माथि छलफल गर्दा भोटेकोशी गा.पा. वडा नं. ४ स्थित खोकुन्डोल खानेपानी आयोजना मनसुनको कारणबाट क्षति भई सञ्चालन एवम् व्यवस्थापनमा कठिनाई उत्पन्न भई उक्त आयोजना तत्काल मर्मत संभार गरी सञ्चालन गरिएकोमा उक्त कार्यमा प्राविधिक बिल भरपाई बमोजिमको खर्च रकम रु. ६६,०००/- (अक्षरुपी छैसट्ठी हजार रुपैंया मात्र) स्थानीय विपद व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा भोटेकोशी गाउँपालिकाको गाउँ प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ नियम १७ बमोजिम थप सेवा सुविधा अन्तर्गत सुरु नियुक्ति अवधि देखि नेपाल प्रहरीको अ.स.ई तथा जवानहरुले प्राप्त गर्ने राशन भत्ता बराबरको रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा कृषि विकास शाखाबाट संचालन हुने कृषि मेला प्रदर्शनी तथा हाट बजार संचालनका लागि भोटेकोशी गाउँपालिका वडा नं.२ तातोपानी बजार परिसर तथा वडा नं ४ हिन्दि बजारमा स्थान छनौट गरि कृषि हाट बजार संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा भोटेकोशी आधारभूत अस्पताललाई न्युनतम मापदण्ड बमोजिम सञ्चालन गर्नका लागि आवश्यक रहेको एक्स-रे र इसिजी मेसिन/उपकरण व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा भोटेकोशी आधारभूत अस्पतालमा कार्यरत मेडिकल अधिकृतलाई खाइपाइ आएको तलवभत्तामा ३०% दिने चौथो बैठकको निर्णय भएता पनि यो बैठक बाट खाइपाइ आएको तलवभत्तामा ५०% प्रतिशतले मासिक भत्ता थप पौष महिना देखि प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. १५

प्रस्ताव नं. १५ माथि छलफल गर्दा भोटेकोशी गाउँपालिकाको सातौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८१ तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

| सि न | प्रतियोगिता स्थल | प्रतियोगिता संचालन हुने मिति | कैफियत |
|---|---|---|---|
| १. | श्री सुनखानी खेलमैदान | २०८१ साल पौष ५-७ | |



Scanned with CamScanner

निर्णय नं. १६

प्रस्ताव नं. १६ माथि छलफल गर्दा भौगोलिक विकटताका कारण गाउँपालिका अन्तर्गतका सामुदायिक विधालयमा अध्ययनरत विधार्थिहरुलाई माथिल्लो कक्षामा अध्ययन गर्न सहजताका लागि श्री थापी नारायण मा.वि. लाई आ व ०८१/०८२ को विषयगत शाखा शिक्षा अन्तर्गतको आवासिय अनुदान शीर्षकमा विनियोजित रकमबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं १७

प्रस्ताव नं. १७ माथि छलफल गर्दा भोटेकोशी गाउँपालिकाको आ.व। २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पुस्तकालय निर्माणका लागि रु. ४,००,०००। (अक्षरुपी चार लाख रुपैंया मात्र) विनियोजन भएको उक्त निर्माणका लागि प्राविधिक लागत रु. ८,५०,०००।(अक्षरुपी आठ लाख पचाँस हजार मात्र) आएको हुदाँ बाँकी रकम रु. ४,५०,०००।(अक्षरुपी चार लाख पचाँस हजार मात्र) कन्टेन्जेन्सी शिर्षक बाट खर्च गर्ने गरि कार्य प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं १८

प्रस्ताव नं. १८ माथि छलफल गर्दा चाकु बर्थिङ बर्थिङ सेन्टर निर्माण तथा अन्य स्वास्थ्य संस्था मर्मत सम्बन्धी कार्यको लागि सम्पूर्ण आवश्यकता अनुसारको विवरण संकलन, लागत अनुमान तयार गरि आवश्यकता अनुसार शिलबन्दी दरभाउ माग गरि योजना संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं १९

प्रस्ताव नं. १९ माथि छलफल गर्दा भोटेकोशी गाउँपालिका स्थानीय भू-उपयोग परिषद्को मिति २०८०/०७/२२ गतेको बैठकले पारित गरेको भूउपयोग क्षेत्र अध्यावधिक गर्नका लागि तयार गरिएको नीतिगत आधार तथा मापदण्ड, २०८० तथा मिति २०८०/०८/२४ गते पारित भू-उपयोग क्षेत्र वर्गीकरणको सूचि समेतको आधारमा यस पालिकाको भू-उपयोग नक्सा तथा डाटा अद्यावधिक गर्ने कार्य सम्पन्न भएको हुँदा उक्त अद्यावधिक नक्सा तथा डाटा स्वीकृत गरियो । साथै कित्तागत विवरण अद्यावधिक गर्ने कार्यमा सहजीकरण गर्नका लागि नापी विभागलाई पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं.२०

प्रस्ताव नं. २० माथि छलफल गर्दा भोटेकोशी गाउँपालिकाको आ.व.०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार भोटेकोशी झो.पू वडान न ३ र ४ जोड्ने भोटेकोशी गाउँपालिका सिन्धुपाल्चोक निर्माण गर्न संघीय सशर्त अनुदान झोलूङ्गे पुल क्षेत्रगत कार्यक्रम मार्फत बजेट विनियोजन भएको र उक्त योजनाको डि.पि.आर तयारी गर्दा १३१ मिटर (LSTB) अन्तगर्त पर्ने हँदा उक्त योजना तत्काल कार्यान्वयन गराउन बागमती प्रदेश सरकार भौतिक पूर्वाधार मन्त्रालय,यातायात पूर्वाधार निर्देशनालयलाई बजेट विनियोजन गर्न सिफारिस गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

निर्णय नं. २१

प्रस्ताव नं. २१ माथि छलफल गर्दा Nov 19, 2024 मा KASDC संस्था बाट प्राप्त पत्रानुसार मिति Dec 27, 2024 देखि Dec 31, 2024 सम्म Seoul, South Korea मा हुने Empowering Future Cities: Smart Solutions for Sustainable Development को कार्यक्रमको लागि यस गाउँपालिकाको उपाध्यक्ष श्री दिछेन शेर्पालाई सहभागिताको लागि निमन्त्रणा प्राप्त भएको हुँदा निजलाई उक्त कार्यक्रममा सहभागीताको लागि मनोनयन गरि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. २२

क) जिल्ला प्रशासन कार्यालय चौताराको आयोजना तथा यस गाउँपालिकाको आर्थिक सहायतामा मिति २०८१/०८/११ गते संचालन भएको समन्वयात्मक जिल्ला प्रशासन कार्यालय र यस कार्यालय अन्तर्गतका सरोकारवालाहरु संग भएको बैठकको खर्च रु ३५,५०० अतिथि सत्कार खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

ख) भोटेकोशी गाउँपालिका वडा नं १ स्थित रहेको लिस्ती मन्दिरमा मिति २०८१ असोज २६ गते दशैंको अवासरमा भएको मौलो पुजाको लागि भएको खर्च रकम रु १ लाख विविध खर्च शिर्षक बाट भुक्तानी दिने निर्णय गरियो ।

ग) मनसुन पछी भएको सडक सरसफाई अन्तर्गत भोटेकोशी गाउँपालिका वडा नं ५ मार्मिङ सडक सरसफाईको खर्च रु ४ लाख ५८ हजार भुक्तानी दिने निर्णय गरियो ।

घ) आ.व २०८१/०८२ को हिउँद गाउँसभा मिति २०८१ पौष २६ गते गाउँपालिका सभा हलमा बस्ने निर्णय गरियो ।



Scanned with CamScanner